# ७६ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आयोगको माननीय सदस्य डा. श्री लीली थापाज्यूले दिनुभएको स्वागत मन्तव्य

आजको कार्यक्रमको सभाध्यक्षता गरिरहनु भएको राष्ट्रिय मानव अधिकार आयोगको माननीय अध्यक्षज्यू,

सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिनिधित्व गर्दै समुपस्थित प्रमुख अतिथि माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, संवैधानिक निकायका माननीय अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु,

UN Resident Coordinator Ms. Hanna Singer-Hamdy

निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका उच्चपदस्थ राष्ट्रसेवकहरु, गैरसरकारी संस्था महासंघका अध्यक्ष, मानव अधिकार महाभेलाका संयोजक, नागरीक समाज, गैरसरकारी संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी र सञ्चारकर्मीमित्रहरु....

- आज हामी मानव अधिकार दिवसको यो ऐतिहासीक अवसरमा उपस्थित छौ । यो केवल एक समारोह मात्र होइन, यो हाम्रो देश र समाजको मानव अधिकारका मूल्यहरुलाई प्रतिविम्वीत गर्ने र भविष्य तिर हाम्रो प्रतिवद्धता दोहोर्‍याउने अवसर पनि हो ।
- हामी मानव अधिकारको विश्वव्यापी घोषणापत्रको ७६ औं अन्तर्राष्ट्रिय दिवस मनाइरहंदा पनि समानताको परम्परा, नैतीक जिम्मेवारी, आदर सम्मान यी सबै कुराहरु परापूर्व कालमा Vedic Literature मा नै उल्लेख भइसकेका कुरा हुन्, जसलाई विशेषगरी हामी नेपालीहरुले धर्म, संस्कृति परम्पराको नाममा मानव अधिकारको कैयौं सिद्धान्तलाई मान्दै आएको कुरा सम्माननीय प्रधानमन्त्रीज्यूबाट जब India बाट आएको Culture का प्राध्यायपकहरुलाई व्यक्त गरेर प्रभावित पार्नु भएको कुरालाई स्मरण गर्न चाहन्छु ।
- हामी सबैलाई थाहा भएकै कुरा हो Human Right Luxury होइन यो आवश्यकता हो । यसले मानिसको अधिकार मात्रै होइन राष्ट्रको Image लाई प्रतिविम्ब गर्छ । मानव अधिकार नैसर्गिंक अधिकार र दायित्व मात्रै होइन यसले राष्ट्रको अन्तर्राष्ट्रिय विश्वसनियतालाई कायम गर्छ । तर यो सरकारको मात्र दायित्व हैन हामी सबैको जिम्मेवारी हो ।
- आज स्वागत मन्तव्य राख्दा राख्दै यसै क्षेत्रमा दुईदशक बिताउँदाको केही यर्थाथता पनि राख्न चाहन्छु ।
  कर्णालीका विकट गाँउको यूवालाई द्वन्दकालिन अवस्थामा कुनै समूहले आमाको काखबाटै देशको लागि लड्न तेरो कर्तव्य हो भनेर तानेर लिएर गयो । २० औं वर्ष वितिसक्यो आमा बाबु अझै छोरा आउने प्रतिक्षामा छन् तर निराश छन्, यस्ता हजारौं आमा अझै कुरीरहेका छन् ।

- गाँउमा चिया पसल गरी आफ्नो परिवार पालिरहेकी महिलालाई सामुहिक बलात्कार गरे, परिवारबाट तिरस्कृत भईन १६ वर्षपछि बल्ल न्यायको ढोका खोल्यो तर अपशोष ती न्यायको पाटोलाई सरकारले प्राथमिकता नै दिएन । अझै ति बलात्कृत महिला सरकारको आशा कुरेर बसेकी छिन् यो यर्थाथतामा सयौं महिलाहरु नरकीय जीवन बाँचिरहेका छन् ।
- कलीलै उमेरमा मिलोमतोमा अन्तरजातिय विवाह गरेका दलित बालकहरु आज हजारौं जवरजस्ती करणीमा परेर बाल सुधार गृहमा बस्न बाध्य छन् भने कोही वीर अस्पतालको मुर्दाघरको बाकसमा न्याय कुरीरहेका छन् ।
- यस्ता यर्थाथपरक कैयौं घटनाहरुका साक्षी म मात्रै होइन यहाँ उपस्थित सबै जना नै जानकार छौं ।
- सम्माननीय प्रधानमन्त्रीज्यू हामी सबैको प्रेरणाको श्रोत हो । यहाँले मानव अधिकार प्रति व्यक्त गर्नुभएका प्रतिवद्यता, मानव अधिकार आयोगको स्तर काम राख्न  खेल्नु भएको भूमिका र आयोगलाई स्वायत्त र प्रभावकारी बनाउन राज्यलाई नै जिम्मेवार बनाउँछु भन्ने भावनालाई हामी सम्मान गर्दै ति प्रतिवद्धता पुरा होस् भन्ने पनि निवेदन गर्न चाहन्छु ।
- जसरी हामी सबैलाई आँखाले हेर्ने र नाकले श्वास फेर्ने अधिकार माथि कसैले प्रतिबन्ध लगाउन सक्तैन, त्यस्तै हरेक मानिसको जुनसुकै धर्म, लिङ्ग, वर्ण अथवा अभियोजनमा नै किन नहोस् वा दोषी नै किन करार नहोस् सबैको मानव अधिकारको सम्मान र सद्भाव राख्नु हामी सबैको कर्तव्य हो भन्ने कुरामा दुई मत हुनै सक्तैन ।
- हामी आभार पनि व्यक्त गर्छौ जसरी द्वन्द पीडितको न्यायको लागि आयोग गठनका प्रकृया सरकारले अगाडि लग्यो एकदम सहानिय छ तर यस्को पारदर्शीता र द्वन्द पीडित मैत्री हुने कुरामा हामी विश्वसनिय पनि हुन चाहन्छौं ।
- आज हामी विश्वव्यापि घोषणपत्र जारी भएको ७६ औं वर्ष मनाइरहदा नेपाल सरकारले मानव अधिकारका क्षेत्रमा प्रतिवद्धता जनाईसकेका कैयौं महासन्धिहरुको सन्धिजनित समितिमा पेश गर्ने आवद्यिक प्रतिवेदनहरु समयमा नै बुझाउनु जरुरी भएको कुरालाई पनि सम्माननीयज्यूप्रति ध्यानाकर्षण गर्न चाहन्छु ।
- हामी सबै मानव अधिकार प्रति सम्मान राख्दै सामाजिक न्याय, जवाफदेहीता र नैसर्गिक अधिकारमा हरेक व्यक्तीको पहुँच हुनुपर्नेमा जोड दिदैं यहाँ उपस्थित सबैलाई तथा सम्माननीयज्यू प्रति पुनः स्वागत गर्दै बिदा हुन्छु ।

॥॥ धन्यवाद ॥॥